# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १०	संख्याः ०५	मितिः २०८३।०१।०४

## भाग-२

**सम्बत् २०८३ सालको कार्यविधि नं. ५**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँपालिका गाउँकार्यपालिकाले बनाएको "**सामुदायिक सिकाई केन्द्रहरुमा अनुदान वितरण कार्यविधि-२०८३**" सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# सामुदायिक सिकाई केन्द्रहरुमा अनुदान वितरण कार्यविधि-२०८३

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०१/०३

**प्रस्तावनाः**

स्थानीय स्तरमा जीवनोपयोगी सीप विकास, सिकाइ सशक्तिकरण, रोजगारी सिर्जना, सिर्जनशिलताका लागि समुदायको आवश्यकता अनुसार साक्षरता, निरन्तर शिक्षा, जीवन पर्यान्त सिकाई, सामुदायिक विकास कार्यक्रम, सिप विकास तालिम, व्यवसायिक तालिम, वैकल्पिक विद्यालय शिक्षा तथा सिकाइ कार्यक्रम संचालन गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ "ज" तथा सामुदायिक सिकाई केन्द्र संचालन तथा व्यवस्थापन मापदण्ड-२०७८ बमोजिम सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरूद्वारा सिपमुलक, व्यवसायिक तालिम संचालन तथा आय आर्जनका कार्यक्रमहरु सञ्चालन गर्न सकिने आधार भएकाले माछापुच्छ्रे गाउँपालिका र पालिकाभित्र रहेका सिकाई केन्द्रहरूको साझेदारी र सहकार्यमा झोला लगायत अन्य दैनिक प्रयोजनका सामग्री उत्पादन र वितरण कार्यक्रम सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ को उपदफा २ बमोजिम माछापुच्छ्रे गाउँ कार्यपालिकाद्धारा **"सामुदायिक सिकाइ केन्द्रहरुमा अनुदान वितरण कार्यविधि, २०८३"** बनाई लागु गरिएको छ ।

## परिच्छेद–१

**प्रारम्भिकः-**

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क) यो कार्यविधिको नाम **"सामुदायिक सिकाइ केन्द्रहरुमा अनुदान वितरण कार्यविधि – २०८३"** हुनेछ।

ख) यो कार्यविधि माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ।

**२. परिभाषाः-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) ' सिकाइ केन्द्र' भन्नाले सामुदायिक सिकाई केन्द्र संचालन र ब्यवस्थापन मापदण्ड २०७८ बमोजिम स्थापित सामुदायिक सिकाइ केन्द्र सम्झनु पर्दछ।

(ख) 'गाउँपालिका' भन्नाले माछापुच्छ्रे गाउँपालिका सम्झनु पर्दछ।

(ग) 'कार्यपालिका' भन्नाले माछापुच्छ्रे गाउपालिकाको कार्यपालिका भन्ने सम्झनु पर्दछ।

(घ) 'शिक्षा समिति' भन्नाले माछापुच्छ्रे गाउँपालिका शिक्षा समिति सम्झनु पर्दछ।

(ङ) 'परिचालक' भन्नाले सामुदायिक सिकाई केन्द्र संचालन र ब्यवस्थापन मापदण्ड २०७८ बमोजिम सामुदायिक सिकाइ केन्द्रमा नियुक्त भएका सिकाइ केन्द्रका सामुदायिक परिचालक सम्झनु पर्दछ।

(च) ' स्थानीय तह' भन्नाले माछापुच्छ्रे गाउँपालिकालाई सम्झनु पर्दछ।

(छ) 'शाखा प्रमुख' भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा सो काम गर्न तोकिएको अधिकृत कर्मचारी सम्झनु पर्दछ।

(ज) 'समुदाय' भन्नाले स्थानिय तहमा स्थायी बसोवास गरी निरन्तर शिक्षा सिकाई तथा समाजको विकासमा क्रियाशिल ब्यक्तिहरु सम्झनु पर्दछ।

(झ) 'केन्द्र व्यवस्थापन समिति' भन्नाले सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०७८ बमोजिम गठन भएको सिकाइ केन्द्रको समितिलाई सम्झनु पर्दछ।

## परिच्छेद–२

**३. अनुदान वितरणका उद्धेश्यहरु:-**

समुदाय स्तरमा आय आर्जनका अवसर अभिवृद्धि गरी पालिका भित्र रोजगारी तथा स्वरोजगारी सिर्जना गर्ने साथै गाउँपालिकालाई आत्मनिर्भर बनाउनको लागि माछापुच्छ्रे गाउँपालिका र सामुदायिक सिकाइ केन्द्रको साझेदारीमा विभिन्न सिपमुलक तालिम तथा दैनिक प्रयोजनका लागि आवश्यक सामग्रीहरु उत्पादन तालिम सञ्चालन गर्नुका साथै उत्पादित सामग्रीहरु बिक्रि वितरण गर्नु यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ। यसका थप उद्देश्यहरु यस प्रकार छन्।

क) स्थानीय स्तरमा प्रयोग हुने सामग्री उत्पादन सीप विकास गर्ने।

ख) उत्पादित सामग्रीको बजार विस्तार गरी आयआर्जनका अवसरको विकास गर्ने।

ग) गाउँपालिका भित्रनै रोजगारी र स्वरोजगारीका अवसर सिर्जना गर्ने।

घ) पालिका भित्रका विद्यालयमा "**सिक्दै कमाउदै**" गर्ने अवसर सिर्जना गरी उद्धमशीलता प्रवर्द्धन गर्ने।

ङ) गाउँपालिका भित्रका वडामा **"एक वडा, एक उत्पादन**" लाई प्रोत्साहन गर्ने।

च) सामुदायिक सिकाइ केन्द्र र सो सँग आवद्ध आय आर्जन समूहलाई दैनिक प्रयोजनका सामग्रीहरु उत्पादन गर्न लगाई आय आर्जनका अवसर अभिवृद्धि गर्ने।

**४. कार्यक्षेत्र, लक्षित समूह र वितरणका क्षेत्रः**

यस कार्यविधि अनुसार कार्यक्षेत्र, लक्षित समूह र वितरणका क्षेत्र देहाय बमोजिम हुनेछन्।

क) कार्यक्षेत्रः सामुदायिक सिकाइ केन्द्रहरु।

ख) लक्षित समूहः सिकाइ केन्द्रमा आवद्ध आय आर्जन समूह, महिला, युवा तथा स्थानीय समुदाय।

ग) वितरणको क्षेत्रः स्थानीय विद्यालय, बजार क्षेत्र र घर परिवार।

## परिच्छेद –३

**५. सामुदायि सिकाइ केन्द्रको भुमिकाः-**

क) दैनिक प्रयोजनका सामग्री उत्पादन तालिम सञ्चालन तथा उत्पादित सामग्रीहरु बिक्रि वितरण कार्यक्रम सञ्चालन, व्यवस्थापन र संरक्षण गर्ने।

ख) तालिम तथा सामग्री उत्पादन, वितरण तथा ब्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गर्ने।

ग) सामग्री उत्पादन पश्चात बजार व्यवस्थापन गर्ने।

घ) सामग्री उत्पादनको लागि आवश्यक पर्ने दक्ष जनशक्तिको व्यवस्था गर्ने।

ङ) सामग्री उत्पादन गर्नको लागि आवश्यक पर्ने जनशक्तिको उचित पारिश्रमिक तोक्ने।

च) स्थानीय समुदाय स्तरमा दैनिक प्रयोजनका सामग्रीहरुको आवश्यकता पहिचान गरी उत्पादनका क्षेत्र विस्तार गर्ने।

छ) समितिले आफुले गरेका कार्यक्रम, बजेट र गतिविधि समावेश गरी वर्षिक प्रतिवेदन स्थानीय तहमा पेश गर्ने।

ज) यस कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यकता अनुसार अन्य मापदण्ड प्रचलित नियम कानुनको परिधि भित्र रही समिति आफैले निर्माण गर्ने।

झ) गाउँपालिकाले दिएको निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने, गराउने।

**६. अनुगमन समितिको गठनः-**

सामुदायिक सिकाइ केन्द्रले सञ्चालन गरेको तालिम, सामग्री उत्पादन र वितरण लगायतका सम्पूर्ण कार्यक्रमको अनुगमन गर्नको लागि देहायको ५ सदस्य अनुगमन समिति गठन गरिनेछ।

क) गाउँपालिकाका अध्यक्षः- संयोजक

ख) गाउँपालिकाका उपाध्यक्षः- सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृतः- सदस्य

घ) सामाजिक विकास समितिको संयोजक- सदस्य

ङ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य

**७. अनुगमन समितिको काम कर्तब्य र अधिकार**

क) दैनिक प्रयोजनका सामग्री उत्पादन तालिम तथा उत्पादित सामग्री वितरण कार्यक्रमको अनुगमन गर्ने।

ख) व्यवस्थापन समितिलाई दैनिक प्रयोजनका सामग्री उत्पादन गर्नको लागि आवश्यक आर्थिक, मानवीय, भौतिक सहयोग गर्ने।

ग) उत्पादित सामग्रीको गुणस्तर परीक्षण गर्ने, गराउने।

घ) मितव्ययीता, प्रभावकारीता र पारदर्शिता कायम गरी कार्यक्रम कार्यान्वयन गर्न व्यवस्थापन समितिलाई आवश्यक सल्लाह र सुझाव र निर्देशन दिने।

**८. बजारीकरण समितिः-**

उत्पादित सामग्रीको बिक्रि बितरणका लागि व्यवस्थापन समितिको मातहतमा निम्न बमोजिमको बजारीकरण समिति निर्माण गर्न सकिनेछ।

| | |
|---|---|
| क) सामुदायिक सिकाइ केन्द्रका व्यवस्थापन समितिका सदस्यहरु मध्येबाट १ जना | संयोजक |
| ख) वडा शिक्षा समितिले तोकेको एक जना महिला सदस्य | सदस्य |
| ग) सामुदायिक सिकाइ केन्द्रका परिचालक | सदस्य |

**९. बजारीकरण समितिको काम, कर्तव्य र अधिकारः**

क) स्थानीय बजार, समुदाय र विद्यालयहरुको दैनिक प्रयोजनका सामग्रीको आवश्यकता पहिचान गर्ने

ख) आवश्यकताको प्राथमिकिकरण गर्ने।

ग) सामग्रीको माग संकलन गर्ने।

घ) दैतिक प्रयोजनका सामग्रीको आवश्यकता र मागको सूचि बनाई व्यवस्थापन समितिमा पेश गर्ने।

ङ) सामग्री वितरण फाराम अनुसार हस्तान्तरण गर्ने व्यवस्था मिलाउने।

च) सामग्री विक्रि वितरणको अभिलेख राखी व्यवस्थापन समितिलाई पेश गर्ने।

छ) समितिका सदस्यहरु बीचमा कार्य विभाजन गर्ने।

ज) विक्रि वितरण र स्टक सामग्रीको पारदर्शिता हिसाब किताब राख्ने।

झ) उत्पादित सामग्रीको बिक्रि मूल्य निर्धारणका आधार तयार गरी सोही अनुसार बिक्रि वितरण गर्ने।

## परिच्छेद–४

**११. दैनिक प्रयोजनका सामग्री उत्पादन तालिम तथा उत्पादित सामग्री वितरण कार्यक्रम सम्बन्धि व्यवस्थाः**

१. सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समिति, परिचालक र गाउँपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा, युवा तथा खेलकुद शाखा बीचमा संयुक्त बैठक बसी स्थानीय स्तरमा प्रयोग हुने दैनिक प्रयोजनका सामग्री उत्पादनका लागि आवश्यक निर्णयहरु गरिनेछ।

२. माछापुच्छ्रे गाउँपालिका र सामुदायिक सिकाइ केन्द्र बीच साझेदारीमा दैनिक प्रयोजनका सामग्री उत्पादन तथा बिक्री वितरण गर्न सम्झौता गरिनेछ।

३. आम्दानी तथा खर्चको हिसाब किताबको चुस्त र दुरुस्त रुपमा अभिलेख राखी पालिकाले नियुक्त गरेको लेखा परीक्षकबाट यस कार्यक्रमको आम्दानी खर्चको लेखापरीक्षण गरिनेछ।

४. केन्द्र व्यवस्थापन समितिले आवश्यकता अनुसार गाउँपालिकालाई खर्चको हिसाब किताब र बिल भरपाई उपयुक्त समयमा उपलब्ध गराउनुपर्नेछ।

५. सिकाई केन्द्रका परिचालक दैनिक प्रयोजनका सामग्री उत्पादन, वितरण र व्यवस्थापनको कार्यमा क्रियाशिल रहनेछन्।

६. दैनिक प्रयोजनका सामग्री उत्पादन, व्यवस्थापन र वितरणका लागि आवश्यक परेमा समितिले गाउँपालिकाको सहमतिमा आवश्यक अन्य कर्मचारीको व्यवस्था  गर्ने सक्नेछ।

७. दैनिक प्रयोजनका सामग्री उत्पादन र वितरण कार्यक्रमका दीर्घकालिन रुपमा सञ्चालन गर्नका लागि उत्पादित सामग्रीको लागतका आधारमा केन्द्र व्यवस्थापन समिति र गाउँपालिकाको संयुक्त बैठक बसी झोलाको सहुलियत दरमा मुल्य निर्धारण गरी वितरण गरिनेछ।

८. आर्थिक कारोबार सम्बन्धी सम्पूर्ण हिसाव किताव केन्द्र व्यवस्थापन समितिका सचिवले राख्नुपर्नेछ र वार्षिक आर्थिक कारोबारको प्रतिवेदन प्रत्येक आ.व.को समापन पश्चात गाउँपालिकामा पेश गर्नुपर्नेछ।

## परिच्छेद–५

## विविध

**१२.लेखापरीक्षण सम्बन्धमाः-**

प्रचलित कानुन बमोजिम आर्थिक कारोवारको अभिलेख दुरुस्त राख्नुपर्नेछ।

क) दैनिक प्रयोजनका सामग्री उत्पादन तथा वितरण कार्यक्रमको आर्थिक कारोवार गाउँपालिकाले तोकेको लेखा परीक्षकबाट गराईनेछ।

ख) आन्तरिक लेखा परीक्षण पश्चात प्रचलित कानुन बमोजिम वार्षिक लेखापरीक्षण गराउनु पर्नेछ।

ग) दैनिक प्रयोजनका सामग्री उत्पादन तथा वितरण सम्बन्धी आयमूलक कार्यक्रम सञ्चालन गर्दा कुनै किसिमको आर्थिक अनियमितता भएको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

## १३.कार्यक्रमको स्रोत व्यस्थापन र दिगोपनाः-

सामुदायिक सिकाइ केन्द्रबाट दैनिक प्रयोजनका सामग्री उत्पादन र वितरण कार्यक्रमको स्रोत व्यवस्थापन र दिगोपना स्थापित गर्नको लागि निम्न कार्यहरु गरिनेछ।

१) दैनिक प्रयोजनका सामग्री उत्पादनका लागि सामुदायिक सिकाइ केन्द्रले संघीय सरकारबाट प्राप्त कार्यक्रम सञ्चालन बापतको अनुदान रकम प्रयोग गर्नेछन्।

२) यस कार्यक्रम माछापुच्छ्रे गाउँपालिका र गाउँपालिका भित्रका सामुदायिक सिकाइ केन्द्र बीच साझेदारीमा सञ्चालन हुने भएकोले गाउँपालिकाले यस कार्यक्रम सञ्चालनका लागि सामुदायिक सिकाइ केन्द्रलाई अनुदानको व्यवस्था गर्न सक्नेछ।

३) दैनिक प्रयोजनका सामग्री उत्पादन तथा वितरण पश्चात प्राप्त रकम सामुदायिक सिकाइ केन्द्रका अन्य कार्यक्रमहरु सञ्चालन गर्ने सम्बन्धमा समितिले निर्णय गर्नेछ।

४) उत्पादन विस्तारको गर्नका लागि आवश्यक नयाँ मेसिन, औजार, तालिम, सामग्री खरिद, जनशक्ति व्यवस्थापन लगायतका क्षेत्रमा यस कार्यक्रमबाट प्राप्त भएको आम्दानीको परिचालन गरिनेछ।

५) आकस्मिक कोष निर्माण तथा दिगोपनका लागि प्रत्येक वर्ष नाफाको निश्चित प्रतिशत सम्मको रकम संस्थागत पुनः लगानीका लागि सञ्चित गरिनेछ।

६) दैनिक प्रयोजनका सामग्री उत्पादन तथा वितरण सम्बन्धी स्रोत व्यवस्थापनको लागि केन्द्रीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, व्यक्ति, संघ, संस्था, समुदायबाट प्राप्त अनुदान र सहयोग रकम संकलन तथा परिचालन गर्न सकिनेछ।

७) केन्द्र व्यवस्थापन समिति, अनुगमन समिति र बजारीकरण समितिको सहकार्यमा कार्यक्रमको दिगोपना सुनिश्चतताका लागि पहल गरिनेछ।

**१४. उत्पादन गरेका सामग्रीहरु वितरणका आधारहरुः**

१) माछापुच्छ्रे गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीलाई सामग्री उपलब्ध गराउँदा माछापुच्छ्रे गाउँपालिका र सिकाइ केन्द्रको बैठकले निर्धारण गरेको सुपथ मूल्यमा बिक्री वितरण गरिनेछ।

२) विद्यालयमा अध्ययनरत विद्यार्थी बाहेक अन्य व्यक्तिहरुको हकमा उत्पादन लागतको आधारमा मूल्य निर्धारण गरी बिक्री वितरण गरिनेछ।

**१५. प्रचलित कानुन बमोजिम हुनेः**

यस कार्यविधिमा उल्लेख नभएका कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ।

**१६.बाधा अडकाउ फुकाउ:**

यस कार्यविधिमा कार्यविधि कार्यन्वयन सम्बन्धमा हुने कुनै द्विविधा भएमा सो को निराकरण गाउँ कार्यपालिकाले गर्नेछ।

**१७.संशोधन तथा खारेजी:**

यस कार्यविधि गाउँकार्यपालिकाको बैठकले आवश्यकता अनुसार संशोधन तथा खारेज गर्न सक्नेछ।

आज्ञाले

(केशव सुवेदी)

प्रमुख प्रशासकीय अधिकृत